# कृषि पकेट क्षेत्र सञ्चालन कार्यविधि, २०७५

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

**कर्णाली प्रदेश, नेपाल**

**वीरेन्द्रनगर, सुर्खेत**

# कृषि पकेट क्षेत्र सञ्चालन कार्यविधि, २०७५

मा.मन्त्रीज्यूबाट स्वीकृत मिति
२०७५/०८/०५ गते

**प्रस्तावना**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतको आ.व.२०७५/०७६ को वार्षिक कार्यक्रम अनुसार कृषि उपजको उत्पादन तथा उत्पादकत्व बढाएर आयात प्रतिस्थापन तथा निर्यात प्रबर्द्धन गर्ने मूल उद्देश्य राखी कृषि पकेट क्षेत्र सञ्चालन कार्यक्रम सुव्यवस्थित ढंगबाट गर्न बाञ्छनीय भएकोले मन्त्रालयले "**कृषि पकेट क्षेत्र सञ्चालन कार्यविधि,२०७५**" तयार गरेको छ ।

परिच्छेद १

**प्रारम्भिक**

१. **संक्षिप्त नाम तथा प्रारम्भः** (१) यस कार्यविधिको नाम "कृषि पकेट क्षेत्र सञ्चालन कार्यविधि, २०७५" हुनेछ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क. मन्त्रालय" भन्नाले कर्णाली प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

ख. "निर्देशनालय" भन्नाले प्रदेश मन्त्रालय अन्तर्गतका कृषि विकास निर्देशनालय तथा पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

ग. "कार्यालय" भन्नाले मन्त्रालय अन्तर्गतका अनुदान प्रवाह गर्ने निकायलाई सम्झनु पर्छ ।

घ. "पकेट" भन्नाले प्रदेशको आवश्यकता र स्थानीय सम्भाव्यताका आधारमा सम्भाव्य बाली/बालीवस्तुमा न्यूनतम १० हेक्टर वा मौरीको हकमा न्यूनतम ५०० आधुनिक घारमा मौरीपालन गर्ने र कन्ये तथा गोब्रे च्याउको हकमा न्यूनतम ५०० के.जि. उत्पादन हुने वा प्लाष्टिक घरमा गरिने खेतीको हकमा कम्तिमा १ हेक्टर क्षेत्रफलमा फैलिएको प्लाष्टिक घरहरु भएको वा माछापालनको हकमा न्यूनतम १ हेक्टर (सुर्खेतको हकमा कम्तिमा ३ हेक्टर) जलाशय क्षेत्रफलमा फैलिएको वा ट्राउट माछाको हकमा न्यूनतम १५०० वर्ग मिटर जलाशय क्षेत्रफलमा फैलिएको तथा अन्य बाली बस्तुहरुको हकमा तोकिएको क्षेत्रफलमा सञ्चालन गरेको साना व्यवसायिक उत्पादन क्षेत्रलाई सम्झनु पर्छ ।

ङ. "कार्यक्रम" भन्नाले "एक जिल्ला दुई पकेट कार्यक्रम" र "एक निर्वाचन क्षेत्र एक पकेट कार्यक्रम" लाई सम्झनु पर्छ ।

च. "समिति" भन्नाले कृषि पकेट क्षेत्र कार्यक्रम सञ्चालन गर्नको लागि सम्वन्धित पकेट क्षेत्रका सहकारी वा कृषक समूहले आफ्ना सदस्यहरु मध्य बाट गठन गरेको सञ्चालक समितिलाई सम्झनु पर्छ ।

यस कुराले सम्बन्धित पकेट क्षेत्र भित्र रहेका दुई वा सो भन्दा बढी सहकारी/कृषक समूहका सदस्यहरुको प्रतिनिधित्व रहने गरी गठित समितिलाई समेत जनाउँदछ ।

छ. “व्यावसायिक खेती” भन्नाले प्रति कृषक परिवारले कम्तिमा देहाय बमोजिमको खेती गरेको सम्झनु पर्दछ ।

| वाली | क्षेत्रफल | | कैफियत |
|---|---|---|---|
| | उच्च पहाड | मध्य पहाड | |
| खाद्यान्न वाली | ५ रोपनी | ५ रोपनी | साविक भन्दा उन्नत तरिका वा फरक सिजन वा बाली सघनता बढाउन सकिने अवस्था वा जैविक विविधता तथा वातावरण मैत्री खेतीका लागि । |
| तरकारी वाली | ३ रोपनी | ३ रोपनी | एक सिजनमा |
| माछा | १ रोपनी | २ रोपनी | जलाशय क्षेत्र |
| मौरी | २५ | ३० | आधुनिक घार |
| कन्ये र गोब्रे च्याउ | नहुने | १० के.जी. | बीऊको प्रयोग |
| सिताके च्याउ | ५० मुढा | ५० मुढा | |
| फलफुल | ५ रोपनी | ५ रोपनी | |
| अलैंची | ३ रोपनी | ५ रोपनी | |
| अदुवा/वेसार | २ रोपनी | ३ रोपनी | |
| ट्राउट माछा | १०० वर्ग मिटर | १०० वर्ग मिटर | |
| प्लाष्टिक घर | ३०० वर्ग मिटर | ३०० वर्ग मिटर | |

परिच्छेद-२

## कार्यक्रम संचालन प्रक्रिया

३. **सूचना प्रवाह तथा प्रस्ताव आव्हान** : सूचना प्रवाह तथा प्रस्ताव आव्हान देहायनुसार हुनेछ :-

१. सूचना प्रवाहः- कार्यालयले प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीले तोकेको म्याद दिई नियमानुसार प्रक्रिया पुर्‍याई अनुसूची-१ अनुसारको ढाँचामा सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नु पर्नेछ । यस्तो प्रस्ताव सम्बन्धित सरोकारवाला सबैको जानकारीका लागि स्थानीय एफ.एम.बाट समेत प्रचार प्रसार गर्न सकिनेछ ।

२. प्रस्ताव आव्हानः- प्रस्ताव पेश गर्न इच्छुक कृषि व्यवसायसँग सम्बन्धित सहकारी/कृषक समूह/उपभोक्ता समुहले अनुसूची-२ अनुसारको निवेदन साथ अनुसूची-३ बमोजिम प्रस्ताव पेश गर्नु पर्नेछ ।

४. **पकेट निर्माण/छनौट प्रक्रिया :** कृषि पकेट निर्माण तथा छनौट देहायनुसार हुनेछ :-

१) पकेट निर्माणका लागि देहाय बमोजिमका सेवा/सुविधा/पूर्वाधारहरु भएको हुनुपर्नेछः-

क) सडकको पहुँच भएको वा हुनसक्ने,

ख) सिंचाईको उपलब्धता भएको वा हुनसक्ने,

ग) विद्युतको उपलब्धता भएको वा हुनसक्ने,

घ) तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको वा हुनसक्ने वा एउटै कोरिडोरमा रहेको,

ङ) बजार पूर्वाधार भएको तथा हुनसक्ने ।

२) दफा ४ को उप-दफा १ मा उल्लिखित पूर्वाधार विकास भईनसकेको, कुनै निकायबाट छनौट नभएको तथा प्राविधिक हिसावले सम्भाव्य तथा उपयुक्त पकेटमा यसै कार्यक्रम मार्फत वा प्रदेश मन्त्रालयको कृषि सडक कार्यक्रम, सिंचाई पूर्वाधार विकास कार्यक्रम आदिबाट प्राथमिकता दिई पूर्वाधार विकासमा सहयोग पुऱ्याईनेछ । यसरी सहयोग गर्दा पहिले नै विकसित भैसकेका तर पूर्वाधार न्यून भएका पकेट क्षेत्रहरुलाई प्राथमिकता दिईनेछ ।

३) स्थानीय आवश्यकता र सम्भाव्यताका आधारमा पकेटहरु सम्बन्धित कृषि ज्ञान केन्द्र/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु मार्फत सञ्चालन गरिनेछ । पकेट निर्माण गर्दा भौगोलिक तथा प्राविधिक सम्भाव्यताका आधारमा प्रत्येक जिल्लामा विभिन्न बाली/वस्तुका पकेटहरु निर्माण गर्न चाहने कृषि कार्यमा संलग्न सहकारी/कृषक समूहबाट आवेदन माग गरी सूची तयार गरिनेछ । सूचीकृतहरु मध्येबाट आवश्यक संख्यामा पकेट छनौटका लागि सिफारिस गर्न सम्वन्धित कृषि ज्ञान केन्द्र/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको विषय विशेषज्ञ वा तोकिएको अधिकृतको संयोजकत्वमा अन्य दुई जना अधिकृत सदस्यहरु रहने एक प्राविधिक कार्यदल रहनेछ । उक्त कार्यदलले सिफारिस गरे अनुरुप पकेट क्षेत्रको छनौट सम्बन्धित कृषि ज्ञान केन्द्र/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले गर्नेछ । सञ्चालन गरिने कार्यक्रमका सम्बन्धमा सम्बन्धित स्थानीय तहको समन्वयमा सम्बन्धित पकेट क्षेत्रका सहकारी/कृषक समूहहरुको मागमा आधारित कार्यक्रमहरुको प्रस्तावना तयार गरी सोही बमोजिम सम्झौता (अनुसूची -४ अनुसार) गरिनेछ ।

५. **पकेट सञ्चालन प्रक्रिया :** कृषि पकेट सञ्चालन प्रक्रिया देहायनुसार हुनेछः-

१) पकेट सञ्चालनका सम्वन्धमा सम्वन्धित कृषि ज्ञान केन्द्र/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रसँग भएको सम्झौता बमोजिमका कार्यहरु सञ्चालन गर्ने सम्वन्धमा दफा ४ वमोजिम स्थापना भएको पकेट क्षेत्रको व्यवस्थापनका लागि सम्वन्धित कृषक समुह/सहकारीहरुले कम्तिमा ३३ प्रतिशत महिला सहितको ९ सदस्यीय पकेट सञ्चालक समिति गठन गर्नेछन् । समितिको सदस्यहरु सम्बन्धित बाली/वस्तुको व्यवसायिक खेतीमा अनिवार्य संलग्न भएको हुनुपर्नेछ । उक्त समितिमा सम्बन्धित कृषि ज्ञान केन्द्र/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले तोकेको एक जना कृषि प्राविधिक सदस्य हुनेछन् । प्रदेश सरकारको श्रोतबाट सञ्चालन गरिने कार्यक्रमको प्रस्तावना तयार गर्दा र कार्य सम्पादन प्रतिवेदन तयार गर्दा निजहरुको सहमति अनिवार्य रहनेछ । कानुन बमोजिम दर्ता भएका कृषि उद्यमी, कम्पनी वा फर्मको हकमा सोही कृषि उद्यमी, कम्पनी वा फर्मका सञ्चालक नै पकेट सञ्चालक समितिको भूमिका निर्वाह गर्नेछन् । पकेट क्षेत्र भित्रका कृषि कार्यक्रमहरुलाई सहजीकरण गर्न स्वीकृत बजेटको परिधि भित्र रही प्रा.स./ना.प्रा.स. स्तरको एक जना कृषि

प्राविधिकको व्यवस्थापन कृषि ज्ञान केन्द्र/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सहजीकरणमा अनुदानग्राहीले गर्नेछन् ।

२) कृषि प्राविधिकको व्यवस्थापन गर्दा **एक वडा एक कृषि प्राविधिक व्यवस्थापन कार्यविधि, २०७५** अनुसार गर्नु पर्नेछ ।

३) दुई वा दुई भन्दा बढी समुह/सहकारी मिलि कार्यक्रम सञ्चालन गर्न चाहेमा सहभागी समुह/सहकारीलाई समेटी सञ्चालक समिति गठन गरि सोही समिति मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

४) **<u>सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः</u>** सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) पकेट सञ्चालनका लागि आवश्यक उत्पादन सामग्रीहरुको परिमाण, श्रोत र लागतको अनुमान गर्ने,

ख) बाली चक्रको लागि उत्पादन योजना सहितको प्रस्तावना तयार गर्ने,

ग) कृषि ज्ञान केन्द्र/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको समन्वयमा आवश्यक उत्पादन सामग्रीहरुको व्यवस्थापन गर्ने,

घ) पकेट क्षेत्रको प्रोफाईल अद्यावधिक गर्ने,

ङ) पकेट क्षेत्रमा सञ्चालन गरिने कार्यक्रम कृषि ज्ञान केन्द्र/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको समन्वयमा कार्यान्वयन गर्ने र आवश्यक समन्वय गर्ने,

च) मासिक रुपमा कृषि ज्ञान केन्द्र/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा प्रगति प्रतिवेदन पेश गर्ने,

छ) सञ्चालक समितिको बैठक कम्तिमा महिनाको १ पटक अनिवार्य रुपमा र आवश्यकतानुसार अन्य समयमा समेत बस्न सक्नेछ । बैठकमा समिति बाहिरका सम्बन्धित प्रतिनिधिलाई आवश्यकता अनुसार आमन्त्रित गर्न सकिनेछ,

ज) पकेट क्षेत्र सञ्चालन सम्बन्धि आन्तरिक आचारसंहिता (code of conduct) तयार गरी लागु गर्ने,

झ) पकेट क्षेत्रमा प्रवर्द्धित कृषि बालीको बीमा गराउनु पर्नेछ,

ञ) पकेट क्षेत्र स्तरमा सञ्चालन हुने सम्पूर्ण क्रियाकलाप र आर्थिक कारोवार प्रचलित कानुन वमोजिम व्यवस्थापन गर्नु पर्नेछ,

५) पकेट क्षेत्र सञ्चालनको नतिजा सन्तोषजनक भएमा मात्र अनुदान उपलब्ध गराउने समयावधि प्रदेश सरकारबाट बजेट प्राप्त भएको हदसम्म सामान्यतया ३ बर्ष सम्मका लागि निरन्तरता दिइनेछ ।

६. **<u>सञ्चालन गरिने कार्यक्रमः</u>** कृषि पकेट क्षेत्रमा सञ्चालन गरिने कार्यक्रम देहाय बमोजिम हुनेछन् :-

१) **<u>चालु अनुदान अन्तर्गतका कार्यक्रमः-</u>**

क) **उत्पादन प्रविधि प्रदर्शनः-** सम्बन्धित कृषि ज्ञान केन्द्र/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले सम्बन्धित पकेट क्षेत्रमा सहभागितात्मक नविन उत्पादन प्रविधि प्रदर्शन तथा स्थलगत तालिम लगायतका प्रविधि हस्तान्तरणका कार्यक्रम सञ्चालनमा सहजीकरण गर्नेछ ।

ख) **उत्पादन सामग्री सहयोगः-** सम्बन्धित कृषि ज्ञान केन्द्र/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले सम्बन्धित पकेट क्षेत्रका लागि उन्नत बीऊ/वेर्ना/बिरुवा/माछा भुरा/जैविक विषादि/प्राङ्गारिक मल जस्ता उत्पादन सामग्री खरिद एवं वितरणमा सहजिकरण गर्नेछ ।

ग) **प्राविधिक सहयोगः-** पकेट क्षेत्रको सम्बन्धित प्राविधिक कामका लागि सम्बन्धित पकेट सञ्चालक समितिले एक जना कृषि प्राविधिक (प्रा.स./ना.प्रा.स.स्तर) जनशक्तिको व्यवस्था गर्नु पर्नेछ ।

घ) **अन्य कार्यक्रमः-** यसका अलावा माग र स्थानीय संभाव्यताका आधारमा जमिन बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्न प्रोत्साहन गर्ने किसिमका सामुहिक खेती, करार खेती, सहकारी खेती जस्ता कार्यक्रमहरु तर्जुमा गरी प्राथमिकताका साथ सञ्चालन गर्न सकिनेछ ।

२) <u>पूंजीगत अनुदान :</u>

पूँजीगत अनुदान प्रत्येक पकेटका लागि विनियोजित बजेटको परिधिभित्र रही आवश्यकता क्षेत्रहरु जस्तैः मेशिनरी औजार, सिँचाई पूर्वाधार निर्माण तथा मर्मत सम्भार, प्रारम्भिक प्रशोधन पूर्वाधारहरु (Threshing floor, Storage house, Collection center) लगायतका पूर्वाधार विकासमा खर्च गर्न सकिनेछ ।

३) कार्यालयको स्वीकृत रकमको बढीमा ५ प्रतिशत रकम रनिङ्ग विलका आधारमा कट्टी हुने गरी कन्टिन्जेन्सीको रुपमा छुट्याउन सकिनेछ । उक्त कट्टा गरिएको कन्टिन्जेन्सी रकम मन्त्रालय, निर्देशनालय र जिल्ला स्थित कार्यालयबाट नियमित रुपमा गरिने अनुगमन निरीक्षण, सुचना प्रकाशन, बैठक, प्रचार प्रसार र प्राविधिक खर्च आदि शिर्षकहरुमा खर्च गर्नुपर्नेछ ।

४) <u>**भुक्तानी प्रकृयाः**</u> सञ्चालक समितिलाई बढीमा ३ किस्तामा देहाय अनुसार रकम भुक्तानी गरिनेछ ।

१. सम्झौता भएपछि कार्ययोजना, पेश्की मागको निवेदन, बैंक सुरक्षण वा बीस प्रतिशत कार्य सम्पन्न हुने प्रमाण पेश गरे पछि पेश्कीको रुपमा प्रथम किस्ता वापत अनुदान रकमको २०% भुक्तानी,
२. पचास प्रतिशत कार्य सम्पन्न भएपछि बील भर्पाई सहित पहिलो किस्ता फछ्र्यौट गरी जम्मा ३० % पहिलो रनिङ्ग बीलको रुपमा भुक्तानी,
३. सबै कार्य सम्पन्न भई कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएपछि ५०% तेस्रो वा अन्तिम किस्ताको रुपमा भुक्तानी,
४. उपरोक्त अनुसार किस्ताहरुमा भुक्तानी हुँदाका बखत अनुदानग्राहीले गर्ने लागत सहभागिताबाट पनि भुक्तानीको अनुपातमा कार्य सम्पन्न गरिसकेको हुनु पर्ने तथा सो कुरा बीलहरुमा स्पष्ट देखिएको हुनुपर्ने ।
५. भुक्तानीका अन्य प्रकृयाहरु प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम तथा अन्य सम्बन्धित प्रचलित कानुनहरु बमोजिम हुनेछ ।
६. सञ्चालक समितिको बैंक खाता मार्फत अनुदान रकम उपलब्ध गराइनेछ ।
७. सञ्चालक समितिले रनिङ्ग बील तथा तोकिएको कार्य सकी कार्यसम्पन्न बीलको आधारमा रकम भुक्तानी लिन सो कार्यको सुपरिवेक्षण तथा प्राविधिक नाँप जाँचको लागि लिखित निवेदन दिएको सात दिन भित्र कार्यालयले निर्माण कार्यको अनुगमन, सुपरिवेक्षण तथा सम्पन्न कार्यको प्राविधिक मूल्याङ्कन (नाँप जाँच) गरी भुक्तानीको व्यवस्था मिलाउनु पर्नेछ।

**५) सञ्चालक समितिले पालन गर्नुपर्ने शर्तहरु** :-

१. सञ्चालन हुने कामको विवरण, लागत, सम्पन्न अवधि, अपेक्षित उपलब्धि सहितको सार्वजनिक सूचना पाटी निर्माण स्थलमा राख्नु पर्नेछ ।

२. पकेट सञ्चालनका क्रममा मन्त्रालय र मातहतका कार्यालयहरुबाट दिइएको निर्देशनको पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।

३. मन्त्रालय र मातहतका कार्यालयले खोजेका बखत सञ्चालन कार्य प्रगति हेर्न सक्ने व्यवस्था मिलाउनु पर्नेछ र सो कार्य प्रगति देखाउनु सम्बन्धित सञ्चालक समितिको दायित्व हुनेछ । लेखा तथा अन्य अभिलेख व्यवस्थित रुपमा राखेको हुनु पर्नेछ ।

४. पकेट सञ्चालनको व्यावसायीक योजना तयार गर्नु पर्नेछ ।

५. अनुदान रकम भुक्तानीका लागि प्रत्येक पटक सार्वजनिक सुनुवाई र अन्तिम भुक्तानीका लागि लेखा परीक्षण गराई रंगिन फोटो सहित पेश गर्नु पर्नेछ ।

६. पकेट सञ्चालक समितिले मासिक, चौमासिक र बार्षिक रुपमा तोकिएको फर्मेट वमोजिमको पकेट क्षेत्रहरुमा सञ्चालित कार्यक्रमहरुको प्रगति विवरण सम्वन्धित कृषि ज्ञान केन्द्र/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

परिच्छेद-३

## अनुगमन मूल्याङ्कन

७. **अनुगमन मूल्याङ्कनः** कार्यक्रम कार्यान्वयनको क्रममा मन्त्रालय/निर्देशनालय/कार्यालयले आवश्यकता अनुसार अनुगमन समिति बनाई जुनसूकै समयमा पनि अनुगमन गर्न सक्नेछ ।

परिच्छेद-४

## विविध

८. **पुरस्कार तथा कार्वाहीको व्यवस्थाः-** पुरस्कार तथा कार्वाहीको व्यवस्था देहाय अनुसार हुनेछः-

१. तोकिएको समय भन्दा अगाडि, तोकिएको मापदण्ड र गुणस्तरमा कार्य सम्पन्न गर्ने अनुदानग्राही र सम्बन्धित कार्यमा संलग्न कर्मचारीलाई प्रोत्साहन स्वरुप मन्त्रालयबाट कदर पत्र सहित सार्वजनिक रुपमा पुरस्कृत गरी सम्मान गरिनेछ ।

२. सम्झौता तथा कार्यतालिका बमोजिम कार्य नगर्ने अनुदानग्राहीलाई अनुदान रकम उपलब्ध गराइने छैन ।

३. अनुदान रकम दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गरी सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

४. यस्ता अनुदानग्राहीहरुलाई भविष्यमा सेवा सुविधा नदिने गरी कालो सूचीमा राखिनेछ ।

**द्रष्टव्यः** यस कार्यविधिमा अन्यत्र जेसुकै उल्लेख गरेको भएता पनि प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली, कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, नियमावली, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका तथा अन्य प्रचलित ऐन, नियमावलीमा उल्लेख भएकोमा सोही बमोजिम हुनेछ ।

९. **बाधा अड्काउ फुकाउनेः-**

१. यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार मन्त्रालयको हुनेछ ।

२. यस कार्यविधिलाई आवश्यकता अनुसार मन्त्रालयले संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

**अनुसूची-१**

**दफा ३ को उप-दफा १ सँग सम्बन्धित**

कृषि पकेट क्षेत्र सञ्चालनका लागि प्रस्ताव आव्हानको सूचना

सूचना । सूचना ।। सूचना ।।।

यस ..............................................................................को आर्थिक वर्ष............ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ....... अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा ............................ जिल्लाका कृषि व्यवसायसँग सम्बन्धित सहकारी/कृषक समूह/निजी फार्म/कृषक उद्यमीबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ............ दिन भित्र ..................कार्यालयमा तपसिल अनुसारका कागजातहरु एवं अनुसूची ...... अनुसार व्यवसायिक योजना सहित आवेदन सहित प्रस्ताव आव्हान गरिएको छ । यस सम्बन्धी थप जानकारीका लागि ..................................मा सम्पर्क गर्न सकिनेछ ।

आवश्यक कागजात:

१) संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि

२) कृषि व्यवसायमा आवद्ध सम्बन्धित सहकारी वा कृषक समूहले सूचना अवधि भित्र कृषि पकेट क्षेत्र सञ्चालन गर्न सहकारीको हकमा सञ्चालक समितिको अन्यको हकमा संस्थागत निर्णय र विनियम वा विधानको प्रतिलिपि

३) कृषि पकेट क्षेत्र सञ्चालन गर्ने अनुसूची-३ अनुसारको प्रस्तावना

४) सम्वन्धित स्थानीय तहको सिफारिस पत्र

५) सहकारी र निजी फर्मको हकमा गत आ. व. को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन फोटोकपी

६) सहकारी र निजी फर्मको हकमा गत आ. व .सम्म कर वुझाएको वा कर छुट भएको भए सम्वन्धित कार्यालयको प्रमाण

७) सहकारी संस्थाको तर्फवाट कारोवारमा सहभागिताका लागि आधिकारीक प्रतिनिधि तोकेको निर्णय प्रतिलिपि

८) जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी

९) अन्य आवश्यक कागजातहरु

## अनुसुची -२

## दफा ३ को उप-दफा २ सँग सम्बन्धित

## निवेदनको ढाँचा

मिति

विषयः ................................ अनुदान रकम उपलव्ध गरि पाउ ।

श्रीमान् ........................... ज्यु
..........................................
महोदय

हामी/म निम्न लिखित प्रस्तावना फारम (क) मा दस्तखत भएका व्यक्तीहरु/व्यक्ती वाट ... जिल्ला... गापा/नपा वडा न...... मा पर्ने ............... नामक समुह/कृषि सहकारी संस्था/सञ्चालक समिति/ कृषि फार्म/उद्यमी कृषक ले .................. कार्य संचालनका लागि अनुदान रकमको आवश्यकता परेकोले रु १० को टिकट टास गरि अनुसुचीमा संलग्न फारम भरि यो प्रस्तावना पेश गरेका छौं/छु ।

निवदेक
समुह/कृषि सहकारी संस्था/सञ्चालक समिति/ कृषि फार्म/उद्यमी कृषक
अध्यक्ष/प्रतिनिधिको दस्तखत
नामः
पदः
सम्पर्क फोन नं
मितिः
संस्थाको छाप

## अनुसूची-३

## दफा ३ को उप-दफा २ सँग सम्बन्धित

## प्रस्ताव फाराम

### खण्ड १: प्रस्तावित पकेट परियोजनाको सारांश

| | |
|---|---|
| परियोजनाको नाम : | ..... |
| प्रस्तावित कार्य: | |
| आवेदकको नाम : | |
| ठेगाना : | |
| आधिकारिक व्यक्तिको नाम र ठेगाना : | |
| टेलिफोन नं : | |
| व्यवसाय दर्ता बर्ष : | |
| म्. अ. कर/स्थायी ले. नं. र दर्ता वर्ष : | |
| बैंक खाता विवरण : | बैँकको नाम :<br><br>ठेगाना :खाता नं. :<br><br>खाता संचालकहरुको नाम : |
| आवेदकको परिचय तथा अनुभव: | अनुभव र योग्यता सम्बन्धी यहाँ उल्लेख गरी कागजातहरु अनुसूचीमा संलग्न राख्ने । |
| प्रस्तावित व्यवसायको सारसंक्षेप क्षेत्रफल सहित | व्यवसायको किसिम : खाद्यान्न/तरकारी/फलफूल/ माछापालन/मौरी/च्याउ आदि<br><br>हालको क्षेत्रफल र उत्पादनः<br><br>खेती गरिएको वा गरिने क्षेत्रफलः |
| जम्मा लागत रु. | |

| | |
|---|---|
| अनुदान माग रु. | |
| स्वलगानी रु. | |
| स्वलगानीको प्रतिशत | |
| परियोजना संचालन स्थल : | जिल्ला :<br>........................न.पा. ⁄ गा.पा.<br>वार्ड नं: :<br>स्थान :<br>मोहडाः<br>समुद्र सतहदेखि उचाईः.................मि |
| वर्तमान क्रियाकलापहरु | हाल गरिरहेको कृयाकलापहरु तथा सो व्यवसायको फैलावटको अवस्था.......... |
| हाल भएको प्रस्तावसंग सम्बन्धित पूर्वाधार तथा सम्पति | यसमा तरकारी खेती व्यवसाय गर्ने भए प्लाष्टिक घरको संख्या/मौरी पालन भए घार संख्या जस्ता खुलाउने |
| प्रस्तावित परियोजनाको प्रमुख उद्देश्य | आयआर्जन बृद्धि गर्ने,व्यवसायिक खेती बृद्धि, रोजगारी बृद्धि गर्ने जस्ता क्रियाकलापहरु खुलाउने |
| प्रस्तावित परियोजनाको मुख्य क्रियाकलाप | उद्येश्य प्राप्तिका लागि के-कस्ता काम गरिन्छ सो खुलाउने |

**खण्ड २ व्यवसायको विवरण**

| **२.१ प्रस्तावित व्यवसायिक योजनाको भूमिका र पुष्ट्याई** |
|---|
| प्रस्तावित परियोजनाले प्रस्तावक तथा समुदायमा हुने फाईदा तथा उपलब्धि  उल्लेख गर्ने । |

| |
|---|
| |

| | |
|---|---|
| **२.२ समस्याहरु, अवसर तथा प्रस्तावित क्रियाकलापहरु** | |
| समस्याहरु | अवसरहरु |
| १.<br>२.<br>३. | |
| **२.३ प्रस्तावित क्रियाकलापहरु**<br>क्रियाकलापहरुको संक्षिप्त विवरण (के, कसरी, कस्ले, कहाँ गर्ने) ।<br>जस्तैः<br>क्रियाकलाप १ उत्पादन प्रविधि प्रदर्शन<br>क्रियाकलाप २ उत्पादन सामग्री सहयोग<br>क्रियाकलाप ३ प्राविधिक सहयोग<br>क्रियाकलाप ४ पूजींगत कार्यक्रम<br>क्रियाकलाप ५.........<br>क्रियाकलाप ६..........<br>अन्य..... | |

| | |
|---|---|
| **२.४ नतिजा र प्रतिफल** | |
| प्रतिफल सूचकहरु | परियोजनाको लक्ष्य |
| ओगट्ने क्षेत्रफल | ....................................रोपनी |
| उत्पादन क्षमता (५ वर्षको उल्लेख गर्ने) | ................संख्या,<br>............टन |

| | |
|---|---|
| उन्नत प्रविधि, उन्नत जात, मेशिनरी औजार तथा पूर्वाधारको उपयोग | मुख्य-मुख्य मेशिन औजार तथा जातको नाम, प्रकार तथा क्षमता उल्लेख गर्ने **(आवश्यकता अनुसार थप पानामा उल्लेख गर्ने)** |
| विक्रि परिमाण  बृद्धि (५ वर्षको उल्लेख गर्ने) | ......टन/वार्षिक |
| आम्दानी बृद्धि (५ वर्षको उल्लेख गर्ने) | रु. ......./वार्षिक |
| रोजगारी बृद्धि (५ वर्षको उल्लेख गर्ने) | ......जना स्वरोजगार, .........जना वर्षैभरी रोजगार, ...... जना वा कार्यदिन आंशिक रोजगार |

**३.** पहिले अन्य कुनै निकायबाट अनुदान प्राप्त गरेको नगरेको । गरेको भए उल्लेख गर्ने ।

४. प्रस्तावित परियोजनाका लागि अन्य कुनै निकायसंग साझेदारी गरे नगरेको । गरेको भए खुलाउने ।

**५. कार्यतालिका**

| क्रियाकलाप | अवधि (महिना) | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | | |
| | | | | | | | | | | | | | | |

<u>प्रतिबद्धता पत्र</u>

..........................................................................................मन्त्रालय/निर्देशनालय/केन्द्रको मिति ..............................को सूचना अनुसार ........................... कार्यक्रममा सहभागिताको लागि इच्छुक भई सोको व्यवसायिक योजना सहितको आवेदन पेश गरेको/का छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा व्यवसायिक योजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु र .......... वर्ष सम्म निरन्तरता दिनेछु/छौं । व्यवसायिक योजना अुनसारको कार्य नगरेमा वा ५ (पाँच) वर्ष अगावै सो कार्यहरु बन्दगरेमा नेपाल सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं । अन्यथा प्रचलित कानुन बमोजिम सहुला/बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुर्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं ।

आवेदकको तर्फबाट

नामः

पदः

संस्थाको नामः

ठेगानाः

सम्पर्क नं.

दस्तखतः

| दायाँ | बाँया |
|---|---|
| | |

मितिः

छापः

## अनुसूची-४
## दफा ४ को उप-दफा ३ सँग सम्बन्धित

### सम्झौता पत्रको नमूना

यो सम्झौता पत्र............कार्यालय/केन्द्र (यस पछि पहिलो पक्ष भनिएको) र ................ समुह/सहकारी संस्था/सञ्चालक समिति/उपभोक्ता समिति/कृषि फार्म/उद्यमी कृषक ...... गा.पा /नपा वडानं. टोल (यस पछि दोस्रो पक्ष भनिएको) बीच तपसिलको शर्त वमोजिमको कुराहरुलाई पालना गर्ने कुरा मञ्जुर गरिन्छ ।

१. यो सम्झौता, सम्झौता भएको मिति ............ देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्न स्वीकृत प्रस्तावना/इष्टिमेट वमोजिमको कार्य यथाशिघ्र संचालन गरि मिति २०७५ साल महिना गतेसम्म संम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ ।

२. यस सम्झौता बमोजिमको कृषि पकेट क्षेत्र सञ्चालन सम्बन्धी सम्पूर्ण कार्य दोस्रो पक्ष आफैले गर्नुपर्नेछ। दोस्रो पक्ष आफैले नगरी अन्य व्यक्ति वा संस्था मार्फत गराउन पाइने छैन ।

३. प्रथम पक्षले दोस्रो पक्षलाई प्रस्तावना/इष्टिमेट अनुसारको कार्य सञ्चालन गर्न योजनाको प्रकृति अनुसार वढीमा तीन किस्ता वा एकमुष्ट रकम देहाय बमोजिम भुक्तानी गरिने छ :-
   १. सम्झौता भएपछि कार्ययोजना, पेश्की मागको निवेदन, बैंक सुरक्षण वा बीस प्रतिशत कार्य सम्पन्न हुने प्रमाण पेश गरे पछि पेश्कीको रुपमा प्रथम किस्ता वापत अनुदान रकमको २०% भुक्तानी,
   २. पचास प्रतिशत कार्य सम्पन्न भएपछि सम्पूर्ण बील भर्पाई सहित पहिलो किस्ता फछ्र्यौट गरी जम्मा ३० % पहिलो रनिङ्ग बीलको रुपमा भुक्तानी,
   ३. सबै कार्य सम्पन्न भई कार्य स्वीकार प्रतिवेदन सहित अन्तिम प्रतिवेदन प्राप्त भएपछि ५०% तेस्रो तथा अन्तिम किस्ताको रुपमा भुक्तानी ।

४. सम्झौता वमोजिमको कार्य संचालन तथा सम्पन्नको लागि पहिलो पक्ष मार्फत अनुदान स्वरुप रु. (अक्षरेपी ) र दोस्रो पक्षको लागत सहभागिता रु. (अक्षरेपी ) व्यहोरिनेछ ।

५. दोस्रो पक्षले सम्झौता बमोजिमको कृषि पकेट क्षेत्र सञ्चालनका लागि सम्झौतामा समावेश गरिएको श्रोत वाहेक अन्य कुनै सरकारी, गैह्र सरकारी संघ संस्थावाट सहयोग, अनुदान आदि प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ ।

६. दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरुले दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

७. कृषि पकेट क्षेत्र सञ्चालन गर्दा दोस्रो पक्षले पूर्वाधार निर्माण तथा मर्मत सम्भार औजार मेशिनरी खरीद तथा जडान आदिको विवरण र लागत खुलाई सर्वसाधारण सबैले देख्ने गरी सार्वजनिक स्थानमा सम्पूर्ण विवरण सहितको सार्वजनिक सूचना पाटी राख्नु पर्ने छ ।

८. दोस्रो पक्षले कृषि पकेट क्षेत्र सञ्चालन सम्बन्धी कार्यको सार्वजनिक जानकारीका लागि Public Audit गराउनु पर्नेछ ।

९. सम्झौता बमोजिमको कृषि पकेट क्षेत्र सञ्चालन सम्बन्धी सम्पूर्ण कार्य सोही आ.व. भित्र सम्पन्न गर्नु पर्नेछ ।

१०. प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिंदा प्रथम पक्ष समक्ष विल पेश भएपछि भएको मितिले सात दिन भित्र दोस्रो पक्षको नाममा एकाउन्ट पेई चेक मार्फत भुक्तानी दिनेछ ।

११. दोस्रो पक्षको लापरवाहीको कारणवाट कार्य सम्पन्न नभई हानि नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ ।

१२. दोस्रो पक्षले स्वीकृत प्रस्तावनाको कार्य तालिका बमोजिम .......... मिति सम्म यो सम्झौता वमोजिमको सम्पूर्ण कार्य (स्वीकृत प्रस्तावना/इष्टिमेट अनुसार) पूर्ण रुपमा सम्पन्न गरी सञ्चालनमा ल्याउनेछ ।

१३. सम्झौता बमोजिमको कृषि पकेट क्षेत्र सञ्चालन सम्बन्धी कार्य सम्पन्न भई कार्य स्वीकार प्रतिवेदन अनुरुप संरचना हस्तान्तरण भैसकेपछि सो को सञ्चालन सम्बन्धी कार्य सम्बन्धित दोस्रो पक्षको हुनेछ ।

१४. सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ ।

१५. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस वमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

| **पहिलो पक्ष** | **दोस्रो पक्ष** |
|---|---|
| दस्तखत :- | दस्तखत :- |
| नाम :- | नाम :- |
| पद :- | पद :- |
| मिति :- | मिति :- |
| कार्यालयको छाप :- | संस्थाको छाप :- |

रोहवर

| | |
|---|---|
| दस्तखत :- | दस्तखत :- |
| नाम :- | नाम :- |
| ठेगाना :- | ठेगाना :- |
| मिति :- | मिति :- |